स्थानः नगरपालिकाको सभाहल
समयः बेलुका २.०० बजे

आज मिति २०७९/६/१० गतेका दिन सन्धिखर्क नगरपालिका नगर कार्यपालिकाको बैठक सन्धिखर्क नगरपालिकाका नगरप्रमुख श्री कृष्ण प्रसाद श्रेष्ठको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णय गरियो।

कार्यपालिका बैठक संख्याः ८० औं (२०७९/०८०-२/दोश्रो ६)

| क्रम संख्या | पद | नामथर | हस्ताक्षर |
|---|---|---|---|
| १. | अध्यक्ष | श्री कृष्ण प्रसाद श्रेष्ठ | |
| २. | सदस्य | श्री मिश्रा आचार्य | |
| ३. | सदस्य | श्री माधव श्रेष्ठ | |
| ४. | सदस्य | श्री मोतिजङ्ग रायमाझी | |
| ५. | सदस्य | श्री जम्शेर मियाँ | |
| ६. | सदस्य | श्री कृष्ण प्रसाद श्रेष्ठ | |
| ७. | सदस्य | श्री ऋषव अधिकारी | |
| ८. | सदस्य | श्री श्रीधर महत्रा क्षेत्री | |
| ९. | सदस्य | श्री चुरा बहादुर के.सी | |
| १०. | सदस्य | श्री हुम प्रसाद बन्जाडे | |
| ११. | सदस्य | श्री पदम बहादुर भुसाल | |
| १२. | सदस्य | श्री मोहन सिंह ठकुरी | |
| १३. | सदस्य | श्री चेत नारायण आचार्य | |
| १४. | सदस्य | श्री नारायण खड्का | |
| १५. | सदस्य | श्री सीता बस्नेत | |
| १६. | सदस्य | श्री लिला भुसाल | |
| १७. | सदस्य | श्री सरस्वती देवि रानाभाट | |
| १८. | सदस्य | श्री कृष्णा भुसाल क्षेत्री | |
| १९. | सदस्य | श्री शारदा परियार | |
| २०. | सदस्य | श्री मान बहादुर सुनार | |
| २१. | सदस्य | श्री सुरज वि.क. | |
| २२. | सदस्य | श्री बसन्त नेपाली | |
| २३. | सदस्य-सचिव | श्री खुमलाल भुसाल | |

**सन्धिखर्क नगरपालिकाको मिति २०७९/०६/१० गतेको नगर कार्यपालिका बैठकका कार्यसूचीहरुः**

१. फोहोर व्यवस्थापन सम्बन्धमा।
२. लोक सेवा आयोगमा स्थायी पदपूर्तिको लागि माग आकृति फाराम पठाउने सम्बन्धमा।
३. प्रदेश समपूरक तर्फका वहुवर्षीय ठेक्का लगाउने सम्बन्धमा।
४. हाट बजार सञ्चालनको ठेक्का व्यवस्थापन सम्बन्धमा।
५. राष्ट्रिय भूमी आयोगको कार्यक्रम अनुसार वडा बाट संकलित तथ्याङ्कको प्रणालीमा प्रविष्ट सम्बन्धमा ।
६. अपाङ्गता परिचय पत्र वितरण सम्बन्धमा समन्वय समिति गठन ।
७. प्रदेश पूर्वाधार विकास प्राधिकरणमा पेस गर्ने ५ वटा योजना छनौट सम्बन्धमा।
८. राजश्व परिचालन/कर सहभागिता/सचेतना अभियान सञ्चालन सम्बन्धमा।
९. घर नक्सा अभिलेखिकरण सम्बन्धमा।
१०. जग्गा वर्गीकरण सम्बन्धमा।
११. शिक्षक दरवन्दी मिलान सम्बन्धमा ।
१२. विषयगत समिति गठन सम्बन्धमा।

**निर्णयहरू**

**निर्णय नं १**

सन्धिखर्क नगरपालिकाको फोहोरमैला व्यवस्थापन गर्ने सम्बन्धमा छलफल हुँदा मिति २०७९/०४/२५ मा गरिएको सार्वजनिक सूचना र सो सन्दर्भमा प्राप्त दरभाउपत्रका विषयमा जानकारी भई सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम अंग पुगेको नदेखिएकोले उल्लिखित दरभाउपत्रहरू जे जस्तो अवस्थामा छन् सोही अवस्थामा सम्बन्धित दरभाउपत्रदातालाई नै फिर्ता दिने र सो सम्बन्धमा गरिएको ठेक्का व्यवस्थापन सम्बन्धी कार्य बदर गर्ने। साथै सन्धिखर्क नगरपालिकाको फोहोरमैला व्यवस्थापनका सन्दर्भमा सन्धिखर्क नगरपालिका ले सार्वजनिक नीजि साझेदारी मोडेलमा प्रचलित कानूनको प्रक्रिया अवलम्बन गरी वहुवर्षीय रूपमा दिगो व्यवस्थापन हुने गरी आवश्यक प्रक्रिया अगाडि बढाउने।

**निर्णय नं २**

सन्धिखर्क नगरपालिकाको स्वीकृत संगठन संरचना र दरवन्दी तेरिज बमोजिम तपसिलमा उल्लिखित दरवन्दीहरू रिक्त रही उल्लिखित दरवन्दीहरूमा स्थायी पदपूर्ति गर्नुपर्ने देखिएकोले प्रदेश लोक सेवा आयोग, मुकाम कार्यालय रुपन्देही बुटवलमा माग आकृति फाराम भरी पठाउने। साथै माग अनुसार सिफारिस भएका उम्मेदवारलाई सन्धिखर्क नगरपालिकाले स्थायी नियुक्ति दिने र निजहरूको सेवा सर्त तथा सुविधा पछि बन्ने स्थानीय सेवाका कर्मचारी सम्बन्धी कानून बमोजिम हुने ।

माग गर्ने कार्यालको नाम र ठेगानाः सन्धिखर्क नगरपालिका,नगर कार्यपालिकाको कार्यालय,सन्धिखर्क, अर्घाखाँची ।

| क्र.सं | पदको नाम | तह | सेवा, समुह, उपसमुह | स्थायी/ अस्थायी | आवश्यक न्यूनतम शैक्षिक योग्यता: खुलाको लागि | आवश्यक न्यूनतम शैक्षिक योग्यता: बढुवाको लागि | संक्षिप्त कार्यविवरण र उम्मेदवारको शुरुमा काम गर्नुपर्ने जिल्ला | अघिल्लो दुई आ.व.मा माग भई पूर्ति हुने बाँकी पदसंख्या: आ.व ... को | अघिल्लो दुई आ.व.मा माग भई पूर्ति हुने बाँकी पदसंख्या: आ.व ... को | यस आ.व को नयाँ पद सृजना वा रिक्त भई माग गरिएको संख्या: नयाँ पद सृजना | यस आ.व को नयाँ पद सृजना वा रिक्त भई माग गरिएको संख्या: रिक्त | कुल माग पद संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्राविधिक सहायक | पाँचौ | कृषि/बागबानी/ | स्थायी | मान्यता प्राप्त शिक्षण संस्थाबाट आइ.एस.सि.एजी वा सो सरह | | अर्घाखाँची | ० | ० | ० | १ | १ | |
| २ | प्राविधिक सेवा | पाँचौ | कृषि/लापोडेडे | स्थायी | मान्यता प्राप्त शिक्षण संस्थाबाट डिप्लोमा ईन एनिमल साइन्स वा सो सरह | | अर्घाखाँची | ० | ० | ० | १ | १ | |
| ३ | सहायक | चौथो | प्रशासन/सा.प्र. | स्थायी | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सि वा सो सरह | | अर्घाखाँची | ० | ० | ० | ६ | ६ | |
| ४ | अ.न.मी. | चौथो | स्वास्थ्य/ प.हे.न | स्थायी | मान्यता प्राप्त शिक्षण संस्थाबाट अनमी कोर्ष उत्तीर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको | | अर्घाखाँची | ० | ० | ० | ५ | ५ | |
| ५ | अ.हे.ब. | चौथो | स्वास्थ्य/हे.ई | स्थायी | मान्यता प्राप्त शिक्षण संस्थाबाट सि.एम.ए.कोर्ष उत्तीर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको | | अर्घाखाँची | ० | ० | ० | ४ | ४ | |
| ६ | अ.स. ई. | चौथो | इन्जिनियरिङ्ग/सिभिल | स्थायी | मान्यता प्राप्त शिक्षण संस्थाबाट टि.एस.एल.सी वा सो सरह | | अर्घाखाँची | ० | ० | ० | २ | २ | |

निर्णय नं ३
सन्धिखर्क नगरपालिकाको ११ औ नगर सभाबाट स्वीकृत तपसिलमा उल्लिखित प्रदेश समपूरक अनुदान तर्फका योजनाहरूको अर्थ तथा सहकारी मन्त्रालय , लुम्बिनी प्रदेश सरकारबाट जारी प्रदेश समपूरक अनुदान व्यवस्थापन कार्यविधि, २०७८ बमोजिम विस्तृत परियोजना प्रतिवेदन तयारी तथा वहुवर्षीय ठेक्का व्यवस्थापन प्रक्रिया अगाडि बढाउने ।

तपसिल

- सुपादेउराली मन्दिर परिसर जेष्ठ नागरिक आवास गृह तथा धर्मशाला निर्माण,
- निर्मल ज्योति सुस्तमनस्थिति विद्यालय भवन निर्माण ,
- ऐतिहासिक चौविसे राज्य अन्तरगतको खाँचीदरवार पून निर्माण तथा पहूँच मार्ग निर्माण,
- ऐतिहासिक जंगवहादुर राणा जन्मेको मथुरावेशी पौवा संरक्षण तथा पहूँच मार्ग निर्माण ,
- गंगा सरोबर क्षेत्रको जैविक विविधता तथा प्राकृतिक श्रोत संरक्षण ,
- प्राकृतिक सम्पदाको रुपमा रहेको रकगार्डेन संरक्षण,
- सहिद सरला मार्ग ग्रामिण सडक स्तरोन्नती ,
- रिठेखोला माझहटिया जरेखोला ग्रामिण सडक स्तरोन्नती ।

निर्णय नं ४.
सन्धिखर्क नगरपालिकाको हाट बजार सञ्चालन तथा व्यवस्थापनका विषयमा बैठकमा छलफल हुँदा साविकमा बसपार्क र शान्ति नगर टोलमा प्रत्येक हप्ताको मंगलबार र शुक्रबार लगाउँदै आएको स्थानमा नै हाट बजार सञ्चालनका लागि आ.व २०७९/०८० मा रू १ लाख २५ हजार न्यूनतम अंक कायम गरी ठेक्का व्यवस्थापनको प्रक्रिया अगाडि बढाउने ।

निर्णय नं ५
सन्धिखर्क नगरपालिको वडा नं १ र २ बजार क्षेत्र भित्र हुने ट्राफिक व्यवस्थापनलाई प्रभावकारी बनाउन देहायका क्षेत्रमा पार्किङ्ग एरिया तोकि आ.व २०७९/०८० का लागि वार्षिक न्यूनतम अंक रू ५० हजार कायम गरी सार्वजनिक सूचना मार्फत ठेक्का व्यवस्थापन गर्ने ।

पार्किङ्गक्षेत्र

- उपल्लो गुण्टी खोला क्षेत्र,
- बस पार्क क्षेत्र,
- पुरानो बस पार्क क्षेत्र,
- अर्घखाँची आयल डिष्ट्रीव्यूटर्सको अगाडि खोलाको किनारी भागको क्षेत्र,
- शान्ति बगैचा क्षेत्र साविकमा सटर रहेको क्षेत्रको भागको अगाडिको क्षेत्र मात्र मन्दिर छिर्ने गेट बाहेकको क्षेत्र।

निर्णय नं ६
राष्ट्रिय भूमि आयोगको कार्यक्रम अन्तर्गत नगरपालिकाका सबै वडाबाट संकलित तथ्याङ्कलाई प्रणालीमा प्रविष्ट गरी verification गर्न नापी कार्यालयका कर्मचारीलाई खटाउने र प्रोत्साहन दिने सन्दर्भमा बैठकमा छलफल भयो।सो सन्दर्भमा उल्लिखित कार्यलाई प्रभावकारी र सरलीकृत गर्नका लागि पछि नगर विकास योजनामा

समावेश गर्ने गरी हाललाई नगरपालिकाको सञ्चितकोषबाट देहाय बमोजिमको जनशक्तिलाई २.५ महिनाको शुरू तलब स्केलको ७५ प्रतिशत प्रोत्साहन खर्च उपलब्ध गराउने ।

देहाय

- नापी अधिकृत १ जना
- सर्वेक्षक १ जना
- अमिन २ जना

निर्णय नं ७.

सन्धिखर्क नगरपालिकाको अपाङ्गता परिचयपत्र वितरण कार्यविधि २०७७ को दफा ६ मा रहेको व्यवस्था बमोजिम स्थानीय समन्वय समिति गठनका लागि मिति २०७९/०६/०४ मा भएको नगर प्रमुख स्तरीय निर्णय बैठकमा पेस भई छलफल हुँदा उक्त निर्णयलाई पेस भए बमोजिम नै अनुमोदन गर्ने निर्णय गरियो।

निर्णय नं ८.

प्रदेश पूर्वाधार विकास प्राधिकरण राप्ती उपत्यका दाङ को पत्र संख्या २०७९/०८० चलानी नं १९६ मिति २०७९/०५/२७को पत्र बैठकमा पेस हुँदा सो सन्दर्भमा देहाय बमोजिमका योजना छनौट गरी प्रदेश पूर्वाधार विकास प्राधिकरणमा पेस गर्ने निर्णय गरियो ।

तपसिल

**कृषि तर्फका योजना**

- कृषिसडकःवलेवाङ्ग-मथुरा-भुङ्गभुङ्गवे-जरेखोला-माटे-गच्छेगैरा-बेलटारी-आपखोला-कुर-फुद्रवाङ्ग ।

**पर्यटन तर्फ**

- सुपादेउराली मन्दिर देखी उत्तर तर्फ रहेको खाँचीखोला पुल देखि तल्लो/माथिल्लो भागमा पार्किङ्गस्थल योजना।

**पूर्वाधार सडकतर्फ**

- फुद्रवाङ्ग-जौडी-भुवनडाँडा-घुम्ति-सडक स्तरोन्नती ।
- मिलमिले-सल्लीकोट-झेडी-छापहुदै-लदाम बगैंचा सडक स्तरोन्नती ।
- हमलडाँडा-पाण्डेयटोला-आपखोला-लमलमे मोटरबाटो स्तरोन्नती ।

निर्णय नं ९

सन्धिखर्क नगरपालिकाको राजश्व परिचालन/कर सहभागिता/सचेतना अभियान सञ्चालनका सन्दर्भमा छलफल भई २०७९/७/१ देखि २०८० असार मसान्तसम्म देहाय बमोजिम अभियान सञ्चालन गर्ने ।

देहाय

- सन्धिखर्क नगरपालिकाको संञ्चितकोष बाट तलब भत्ता सुविधा प्राप्त गर्ने जनप्रतिनिधि कर्मचारी शिक्षक सबैले पौष मसान्तसम्म आव २०७९/०८० मा सन्धिखर्क नगरपालिकालाई बुझाउनु पर्ने राजश्व अनिवार्य बुझाउने ।
- कर संकलन सम्बन्धमा विभिन्न जिंगलहरू बनाई नगरबासीहरूमा सू-सूचित गर्ने ।
- वडा कार्यालयहरूमा शिविर सञ्चालन गरि सम्पत्ति कर, व्यवसाय दर्ता तथा नविकरण गर्ने सोको समन्वय राजश्व शाखाले गर्ने ।
- प्रत्येक वडा भित्र रहेका सामुदायिक वन उपभोक्ता समितिहरूलाई कार्य योजना बनाई नगरपालिकामा स्वीकृतिका लागि पेस गर्न लगाउने र स्थानीय सरकार संञ्चालन ऐन २०७४

को दफा ६२ ख मा भएको व्यवस्था बमोजिम वन पैदावरको विक्री वापत प्राप्त रकमको
१० प्रतिशत रकम नगरपालिकाको सञ्चितकोष खातामा दाखिला गर्न लगाउने ।

- टोल सुधार समिति लगाएतका विभिन्न समितिहरूलाई परिचालन गर्ने।

**निर्णय नं १० .**

सन्धिखर्क नगरपालिका भित्र रहेका घर नक्साको व्यवस्थित अभिलेखिकरणका सन्दर्भमा बैठकमा व्यापक
छलफल भयो । सो विषयमा सन्धिखर्क नगरपालिकाबाट कार्यविधि निर्माण गरी अर्को बैठकबाट कार्यविधि
स्वीकृत गरी सोही बमोजिम घर नक्सा अभिलेखीकरणको कार्य अगाडि बढाउने।

**निर्णय नं ११**

भूउपयोग ऐन २०७६ तथा भूउपयोग नियमावली २०७९ बमोजिम सन्धिखर्क नगरपालिका क्षेत्र भित्रका
जग्गा वर्गीकरण गर्ने विषयमा छलफल हुँदा मिति २०७९/०६/१३ गतेका दिन दिनको २.०० बजे नगर
कार्यपालिकाका पदाधिकारी, वडा सचिवहरू, मालपोत, नापी र डिभिजन वन कार्यालयका प्रमुख एवं प्रतिनिधि
सहितको उपस्थितिमा बैठक बस्ने र सोही बैठकमा हुने छलफल तथा निर्णय बमोजिम जग्गा वर्गीकरणको
प्रक्रिया अगाडि बढाउने।

**निर्णय नं १२.**

सरकारी कामको सिलसिलामा नेपालभित्र वा आफ्नो कार्यालयभन्दा बाहिर भ्रमण आदेश स्वीकृत गराई भ्रमण
वा काजमा खटिएका सन्धिखर्क नगरपालिकाका पदाधिकारी वा कर्मचारीलाई भ्रमण खर्च भुक्तानी गर्दा त्यस्तो
खर्चमा एकरूपता कायम गर्न देहाय बमोजिम हुने गरी भ्रमण खर्च सम्बन्धी मापदण्ड स्वीकृत गर्ने ।

१. कार्यालयको कामको सिलसिलामा नेपालभित्र वा आफ्नो कार्यालयभन्दा बाहिर भ्रमण आदेश स्वीकृत गराई भ्रमण वा काजमा खटिने पदाधिकारी वा कर्मचारीले संभव भएसम्म किफायती र कम खर्चिलो बाटो वा सवारी साधन प्रयोग गर्ने ।
२. भ्रमण आदेश स्वीकृत गराई सन्धिखर्क देखि दाङ/बुटवल/भैरहवा/काठमाडौं वा अन्य स्थानमा जाँदा वा फर्कंदा प्रचलित भाडादरको आधारमा बस वा हायसको भाडामात्र भुक्तानी गर्ने। बसपार्क देखि कार्यालय/होटल/निवाससम्म जाँदा र कार्यालय/होटल/निवासदेखि बसपार्कसम्म फर्कंदा एकतर्फी ट्याक्सी भाडा बापत रू. ५००।०० भुक्तानी दिने ।
३. हवाई यातायात प्रयोग गरी भ्रमण गर्ने पदाधिकारी वा कर्मचारीहरू सन्धिखर्क देखि भैरहवा जानुपर्ने वा भैरहवादेखि सन्धिखर्क फर्कनु पर्ने भएमा सन्धिखर्कदेखि बुटवलसम्मको बस वा हायसको भाडा र बुटबल देखि भैरहवा विमानस्थल सम्मको एकतर्फी ट्याक्सी भाडा बापत रू. १०००।०० तथा काठमाडौं बिमानस्थलदेखि कार्यालय/होटल/निवाससम्म जाँदा र कार्यालय/होटल/निवासदेखि काठमाडौं बिमानस्थलसम्म फर्कंदा ट्याक्सी भाडा बापत रू. ५००।०० भुक्तानी दिने ।
४. तोकिएको स्थानमा पुगिसकेपश्चात भ्रमण वा काज खटिएको अवधिमा कार्यालय/होटल/निवासमा जाँदा वा फर्कंदा प्रचलित भाडादरको आधारमा बस/माईक्रोबस/टेम्पो/रिक्साजस्ता सार्वजनिक यातायातको भाडा मात्र भुक्तानी दिने । भ्रमण वा काजमा खटिएको अवधिमा (भ्रमण वा काजमा खटिएको स्थानसम्म जाँदा वा फर्कंदाको दिन वाहेक) ट्याक्सी/जिप भाडा वा सवारी ईन्धन वापत रकम भुक्तानी नदिने ।

निर्णय नं १३.

- सन्धिखर्क नगरपालिका भित्र रहेका सामुदायिक विद्यालयका प्राथमिक तहको स्वीकृत शिक्षक दरवन्दी मिलानका सन्दर्भमा बैठकमा छलफल भयो । सो सन्दर्भमा सन्धिखर्क नगरपालिका भित्रका क्रियाशील विभिन्न पेसागत संघ/संगठन सहित सन्धिखर्क नगरपालिकाको शिक्षा शाखाको नेतृत्वमा गठित कार्यदलले तयार गरी पेस गरेको सन्धिखर्क नगरपालिकाको दरवन्दी मिलान प्रतिवेदन २०७९ र दरबन्दी मिलान निर्देशिका २०७६ को आधारमा देहाय बमोजिम हुने गरी (आगामी दिनमा शिक्षक कटौति हुने विद्यालयहरूमा विद्यार्थी अनुपातका आधारमा शिक्षक पठाउने जिम्मेवारी नगरपालिकाको हुने गरी) शिक्षक दरवन्दी मिलान गर्ने ।

देहाय

| | कक्षा ६-१२ मा Ecd बाहेक | | | | | | कक्षा १-५ मा Ecd बाहेक | | | | | | | पुलमा थप दरबन्दी | | | | | | कटौटी गरिएको दरबन्दी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | विद्यालयको नाम | वडा | सञ्चालित कक्षा | जम्मा भर्ना विद्यार्थी | अनुगमनका दिनउपस्थित | उपस्थिति प्रतिशत | भर्ना विद्यार्थी | अनुगमनका दिन उपस्थित | अनुगमनमाउपस्थिति प्रतिशत | शि.वि.अनुपात भर्ना अनुसार | शि.वि.अनुपात उपस्थिति अनुसार | हाल भएको दरबन्दी | काएम भएको दरबन्दी | पुलमा राखिएको दरबनदी | प्रा वि | नि.मा. | मा. | उ.मा. | | कट्टी गरिएको दरबन्दी |
| १ | पार्वती आ.वि. | १ | १-८ | ३८ | २९ | ७६।३२ | ४९ | ३१ | ६३।२७ | ७।० | ४।४ | ७ | | | | | | | | |
| २ | बाल आ.वि. | १ | १-५ | | | | ५१ | २५ | ४९।०२ | १२।८ | ६।३ | ४ | ३ | | | | | | | १ |
| ३ | युवावर्ष रविचित्र मा.वि. | १ | १-१२ | ४८८ | ४२१ | ८६।२७ | २७१ | २३४ | ८६।३५ | २२।६ | १९।५ | १२ | | | | | | | | |
| ४ | समाजकल्याण आ.वि. | १ | १-८ | ८३ | ५७ | ६८।६७ | १७३ | १०५ | ६०।६९ | १७।३ | १०।५ | १० | | | | | | | | |
| ५ | बाल मन्दिर वालविकास | १ | | | | | | | | ०।० | ०।० | १ | ० | | | | | | | १ |
| ६ | गंगा आ.वि. | २ | १-८ | १२० | ५२ | ४३।३३ | १८४ | ९४ | ५१।०९ | १५।३ | ७।८ | १२ | | | | | | | | |
| ७ | भगवती मा.वि. | २ | १-१२ | ४५४ | २९४ | ६४।७६ | ४६ | ३२ | ६९।५७ | ६।६ | ४।६ | ७ | | | | | | | | |
| ८ | मञ्जरी आ.वि. | २ | १-३ | | | | ८ | ६ | ७५।०० | ४।० | ३।० | २ | | | | | | | | |
| ९ | जनज्योति मा.वि. | २ | १-१२ | ७७९ | ६९५ | ८९।२२ | २१७ | १८४ | ८४।७९ | ७२।३ | ६१।३ | ३ | | | २ | | | | | |
| १० | दुर्गा आ.वि. | ३ | | १५ | ९ | ६०।०० | | | | ०।० | ०।० | १ | | | | | | | | १ |
| ११ | संगम आ.वि. | ३ | १-३ | | | | २६ | २० | ७६।९२ | ८।७ | ६।७ | ३ | २ | | | | | | | १ |
| १२ | बराहनेटा आ.वि. | ३ | १-८ | ५९ | ५३ | ८९।८३ | ७६ | ६४ | ८४।२१ | १०।९ | ९।१ | ७ | | | | | | | | |
| १३ | सरस्वती आ.वि. | ४ | १-८ | १०६ | ६४ | ६०।३८ | ७१ | ५५ | ७७।४६ | १४।२ | ११।० | ५ | | | | १ | | | | |
| १४ | टुनिपोखरा आ.वि | ४ | १-५ | | | | ३३ | २८ | ८४।८५ | ६।६ | ५।६ | ५ | ३ | १ | | | | | | १ |

६

| क्र.सं. | विद्यालयको नाम | वडा | सञ्चालित कक्षा | जम्मा भर्ना विद्यार्थी | अनुगमनका दिनउपस्थित | उपस्थिति प्रतिशत | भर्ना विद्यार्थी | अनुगमनका दिन उपस्थित | अनुगमनमाउपस्थिति प्रतिशत | शि.वि.अनुपात भर्ना अनुसार | शि.वि.अनुपात उपस्थिति अनुसार | हाल भएको दरबन्दी | काएम भएको दरबन्दी | पुलमा राखिएको दरबनदी | प्रा वि | नि.मा. | मा. | उ.मा. | कट्टी गरिएको दरबन्दी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १५ | कमलनयन आ.वि. | ४ | १-५ | | | | ४२ | ३९ | ९२।८६ | १०।५ | ९।८ | ४ | | | | | | | |
| १६ | जीवन सुधार आ.वि. | ४ | १-५ | | | | २८ | २४ | ८५।७१ | ९।३ | ८।० | ३ | | | | | | | |
| १७ | भगवती आ.वि. | ४ | १-४ | | | | ३१ | २१ | ६७।७४ | १५।५ | १०।५ | २ | | | १ | | | | |
| १८ | रानिपोखरी आ.वि. | ५ | १-५ | | | | ३३ | १९ | ५७।५८ | ८।३ | ४।८ | ४ | ३ | | | | | | १ |
| १९ | पशुपति आ.वि. | ५ | १-५ | | | | ३३ | ३० | ९०।९१ | ११।० | १०।० | ३ | | | | | | | |
| २० | मथुरा नन्दराम आ.वि. | ५ | १-८ | ९१ | ७० | ७६।९२ | ९७ | ५६ | ५७।७३ | १६।२ | ९।३ | ६ | | | | | | | |
| २१ | गोपेश्वर आ.वि. | ५ | १-५ | | | | ७६ | ४१ | ५३।९५ | १५।२ | ८।२ | ५ | | | | | | | |
| २२ | बलेवाङ आ.वि. | ५ | १-५ | | | | ६५ | ३८ | ५८।४६ | २१।७ | १२।७ | ३ | | | १ | | | | |
| २३ | जीवनोद्धार आ.वि. | ५ | ६-१२ | २८९ | २०८ | ७१।९७ | | | | ०।० | ०।० | २ | | | | | | | |
| २४ | विद्या विनय आ.वि. | ६ | १-८ | ४८ | ४१ | ८५।४२ | ७९ | ६३ | ७९।७५ | ९।९ | ७।९ | ८ | | | | | | | |
| २५ | जोगिकुटी आ.वि. | ६ | १-३ | | | | ९ | ८ | ८८।८९ | ४।५ | ४।० | २ | | | | | | | |
| २६ | मणिपोखरा आ.वि. | ६ | १-३ | | | | १२ | १० | ८३।३३ | १२।० | १०।० | १ | | | | | | | |
| २७ | शिव आ.वि. | ६ | १-५ | | | | १५ | ७ | ४६।६७ | ७।५ | ३।५ | २ | | | १ | | | | |
| २८ | ने.रा. सरस्वती आ.वि. | ६ | १-५ | | | | २८ | २६ | ९२।८६ | ९।३ | ८।७ | ३ | | | | | | | |
| २९ | जनसेवा आ.वि. | ६ | १-३ | | | | २० | १४ | ७०।०० | १०।० | ७।० | २ | | | | | | | |
| ३० | भृकुटी आ.वि. | ६ | १-८ | ७० | ६५ | ९२।८६ | ५५ | ४९ | ८९।०९ | ११।० | ९।८ | ५ | | | | १ | | | |
| ३१ | जनप्रिय आ.वि. | ६ | १-३ | | | | ११ | ९ | ८१।८२ | ५।५ | ४।५ | २ | | | | | | | |
| ३२ | आदर्श मा.वि. | ७ | १-१० | ११४ | ९९ | ८६।८४ | ८० | ६० | ७५।०० | १३।३ | १०।० | ६ | | | | | | | |
| ३३ | जनचेतना आ.वि. | ७ | १-३ | | | | २० | ८ | ४०।०० | २०।० | ८।० | १ | | | १ | | | | |
| ३४ | भगवती आ.वि. | ७ | १-५ | | | | ५० | ३९ | ७८।०० | १०।० | ७।८ | ५ | ४ | | | | | | १ |
| ३५ | मुक्ति आ.वि. | ७ | १-३ | | | | ३८ | ३० | ७८।९५ | १२।७ | १०।० | ३ | | | | | | | |
| ३६ | जनजीवन आ.वि. | ७ | १-५ | | | | २८ | २४ | ८५।७१ | ७।० | ६।० | ४ | ३ | | | | | | १ |
| ३७ | चन्द्रप्रभा मा.वि. | ७ | १-१२ | २३० | १८७ | ८१।३० | ७४ | ५९ | ७९।७३ | १४।८ | ११।८ | ५ | | | | | | | |
| ३८ | जनताकृष्ण मा.वी | ८ | १-१२ | २३३ | १९२ | ८२।४० | ७३ | ५३ | ७२।६० | १४।६ | १०।६ | ५ | | | | | | | |
| ३९ | जनता आ.वि. | ८ | १-६ | ३ | ३ | १००।०० | ६१ | ३६ | ५९।०२ | २०।३ | १२।० | ३ | | | १ | | | | |
| ४० | जनशान्ति आ.वि. | ८ | १-५ | | | | ८० | ५८ | ७२।५० | २०।० | १४।५ | ४ | | | १ | | | | |
| ४१ | नजज्योति आ.वि. | ८ | १-३ | | | | २३ | १२ | ५२।१७ | ११।५ | ६।० | २ | | | | | | | |

| क्र.सं. | विद्यालयको नाम | वडा | सञ्चालित कक्षा | जम्मा भर्ना विद्यार्थी | अनुगमनका दिनउपस्थित | उपस्थिति प्रतिशत | भर्ना विद्यार्थी | अनुगमनका दिन उपस्थित | अनुगमनमाउपस्थिति प्रतिशत | शि.वि.अनुपात भर्ना अनुसार | शि.वि.अनुपात उपस्थिति अनुसार | हाल भएको दरबन्दी | काएम भएको दरबन्दी | पुलमा राखिएको दरबनदी | प्रा वि | नि.मा. | मा. | उ.मा. | कट्टी गरिएको दरबन्दी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४२ | जिवन ज्योति आ.वि. | ८ | १-३ | | | | ११ | १० | ९०।९१ | ५।५ | ५।० | २ | | | | | | | |
| ४३ | जनविकास आ.वि. | ८ | १-३ | | | | १६ | १३ | ८१।२५ | ८।० | ६।५ | २ | | | | | | | |
| ४४ | गौतम आ.वि | ८ | १-५ | | | | ४८ | ३४ | ७०।८३ | १२।० | ८।५ | ४ | | | | | | | |
| ४५ | अर्घा भगवती आ.वि. | ९ | १-५ | | | | ६२ | ४७ | [illegible]।८१ | १५।५ | ११।८ | ४ | | | | | | | |
| ४६ | पढेरी आ.वि. | ९ | १-३ | | | | १७ | १० | ५८।८२ | ८।५ | ५।० | २ | | | | | | | |
| ४७ | जनजागृत आ.वि. | ९ | १-३ | | | | २० | ११ | ५५।०० | ६।७ | ३।७ | ३ | २ | | | | | | १ |
| ४८ | शिशु कल्याण आ.वि. | ९ | १-३ | | | | २७ | २१ | ७७।७८ | ९।० | ७।० | ३ | २ | | | | | | १ |
| ४९ | अर्घा रजस्थल आ.वि. | ९ | १-१२ | २०५ | १२६ | ६१।४६ | ९१ | ६० | ६५।९३ | १५।२ | १०।० | ६ | | | | | | | |
| ५० | आदर्श आ.वि. | १० | १-८ | २७ | २३ | ८५।१९ | ३५ | ३३ | ९४।२९ | ५।८ | ५।५ | ६ | | | | | | | |
| ५१ | जनसेवा आ.वि. | १० | १-३ | | | | १७ | ९ | ५२।९४ | ८।५ | ४।५ | २ | | | | | | | |
| ५२ | विद्याविकास आ.वि | १० | १-३ | | | | १६ | ९ | ५६।२५ | ५।३ | ३।० | ३ | १ | १ | | | | | १ |
| ५३ | अरनिको आ.वि. | १० | १-८ | ३५ | ३२ | ९१।४३ | ४८ | ३८ | ७९।१७ | १२।० | ९।५ | ४ | | | | | | | |
| ५४ | विद्याप्रकाश आ.वि. | ११ | १-५ | | | | ५६ | ४५ | ८०।३६ | १४।० | ११।३ | ४ | | | | | | | |
| ५५ | कन्याकुमारी आ.वि. | ११ | १-५ | | | | ८८ | ६४ | ७२।७३ | १७।६ | १२।८ | ५ | | | | | | | |
| ५६ | सरस्वती आ.वि. | ११ | १-५ | | | | ६२ | ३८ | ६१।२९ | १५।५ | ९।५ | ४ | | | | | | | |
| ५७ | संगम आ.वि. | ११ | १-५ | | | | १० | ८ | ८०।०० | ३।३ | २।७ | ३ | | | | | | | |
| ५८ | जोगिमारे आ.वि. | ११ | १-५ | | | | ६० | २५ | ४१।६७ | १५।० | ६।३ | ४ | | | | | | | |
| ५९ | विजय मा.वि. | ११ | ६-१२ | २६१ | १८४ | ७०।५० | | | | ०।० | ०।० | | | | | | | | |
| ६० | जुहारे आ.वि. | १२ | १-३ | | | | १४ | १२ | ८५।७१ | ४।७ | ४।० | ३ | २ | | | | | | १ |
| ६१ | जनप्रकाश आ.वि. | १२ | १-५ | | | | ३७ | १० | २७।०३ | ९।३ | २।५ | ४ | ३ | | | | | | १ |
| ६२ | ज्ञानप्रकाश मा.वि | १२ | १-१२ | २४७ | १७६ | ७१।२६ | ७९ | ४४ | ५५।७० | १५।८ | ८।८ | ५ | | | | | १ | २ | |
| ६३ | मणि आ.वि. | १२ | १-३ | | | | २३ | १३ | ५६।५२ | ११।५ | ६।५ | २ | | | | | | | |
| | जम्मा | | | ३९९५ | ३०८० | ७७।१० | ३२०३ | २२६५ | ७०।७१ | १२।९ | ९।१ | २४९ | | | ८ | २ | १ | २ | १३ |